## अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस (१ अक्टोबर) का अवसरमा माननीय सामाजिक विकास मन्त्रीज्यूको शुभकामना सन्देश

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा कोशी प्रदेश सहित स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आदरणीय ज्येष्ठ नागरिकज्यूहरूमा सुस्वास्थ्य, दीर्घायु, आत्मसम्मान र सुखमय जीवनको हार्दिक मङ्गलमय शुभकामना तथा उच्च सम्मान व्यक्त गर्दछु।

संयुक्त राष्ट्रसङ्घको महासभाले १४ डिसेम्बर १९९० मा पारित गरेको प्रस्ताव नं. ४५/१०६ बमोजिम सन् १९९१ देखि हरेक वर्ष अक्टोबर १ लाई विश्वभर अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाउन थालिएको हो। यस दिवसले अग्रज पुस्ताको सम्मान, अधिकार संरक्षण, अन्तरपुस्ता सम्बन्धको सुदृढीकरण र उहाँहरूको अमूल्य अनुभवलाई समाज विकासमा जोड्ने सन्देश प्रवाह गर्दै आएको छ।

आज विश्वव्यापी रूपमै औसत आयु वृद्धि र प्रजनन दरमा आएको कमीका कारण जनसाङ्ख्यिक संरचनामा व्यापक परिवर्तन आइरहेको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०५० सम्ममा ६५ वर्षभन्दा माथिका नागरिकको सङ्ख्या १.६ अर्ब नाघ्ने प्रक्षेपण छ भने नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्याको १०.२१ प्रतिशत नागरिक ६० वर्ष वा सोभन्दा माथिल्लो उमेर समूहका छन्। राष्ट्रिय जनसङ्ख्या वृद्धिदर वार्षिक ०.९२ प्रतिशत रहँदा ज्येष्ठ नागरिकको वृद्धिदर भने करिब ३.३ प्रतिशतको हाराहारीमा देखिनुले नेपालमा पनि जनसाङ्ख्यिक वृद्धावस्थाको प्रकृया तीव्र हुँदै गएको र आगामी दिनमा ज्येष्ठ नागरिक सम्बन्धी स्वास्थ्य, सामाजिक सुरक्षा, हेरचाह तथा संरक्षणका बिषयलाई थप प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने आवश्यकता देखिन्छ।

नेपालको संविधानको धारा ४१ ले प्रत्याभूत गरेको ज्येष्ठ नागरिकको विशेष संरक्षण र सामाजिक सुरक्षाको हकप्रति सामाजिक विकास मन्त्रालय पूर्ण प्रतिबद्ध छ। ज्येष्ठ नागरिकहरू केवल संरक्षणका पात्र मात्र नभई इतिहासका साक्षी, परम्पराका संवाहक र ज्ञान तथा सीपका अथाह भण्डार तथा हाम्रो समाजका अनुभव, ज्ञान, सीप, संस्कार र इतिहासका अमूल्य धरोहर हुनुहुन्छ। उहाँहरूले आफ्नो जीवनको लामो समय परिवार, समाज र राष्ट्रको विकास तथा समृद्धिका लागि समर्पण गर्नुभएको छ। वर्तमान पुस्ताले प्राप्त गरेका उपलब्धिहरूको जग निर्माणमा उहाँहरूको त्याग, संघर्ष र योगदान महत्वपूर्ण रहेको छ। त्यसैले ज्येष्ठ नागरिकको सम्मान र संरक्षण गर्नु केवल सामाजिक दायित्व मात्र नभई हाम्रो संस्कार, सभ्यता र सामूहिक जिम्मेवारीसमेत हो। युवा पुस्ताको बसाइँसराइ र वैदेशिक रोजगारीका कारण सिर्जित सामाजिक एक्लोपनलाई घटाउँदै परिवारमै माया, ममता, सम्मान र हेरचाहको वातावरण निर्माण गर्नु हामी सबैको साझा कर्तव्य हो। मन्त्रालयले दिवा सेवा केन्द्रहरूलाई चलायमान बनाउने, उहाँहरुमा रहेका अथाह अनुभव र ज्ञान नवपुस्तामा पुस्तान्तरण गर्ने, अग्रजहरुलाई सम्मान गर्ने जस्ता कार्यक्रम मार्फत ज्येष्ठनागरिकहरूको जीवनलाई सक्रिय र मर्यादित बनाउने कार्यलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ।

अन्त्यमा, आजको यस ऐतिहासिक दिवसले हामी सबैलाई आफ्ना अग्रजहरूको अधिकारको रक्षा गर्न, उहाँहरूको अनुभवलाई राष्ट्र निर्माणमा सदुपयोग गर्न र परिवार तथा समुदायमा मर्यादित जीवनयापनको संस्कार बसाल्न थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दै पुनः सम्पूर्ण आदरणीय ज्येष्ठ नागरिकज्यूहरूप्रति उच्च सम्मान र शुभकामना व्यक्त गर्दछु।

मा. मन्त्री
गीता तिम्सिना
सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश